दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३७ | अंक २२९ | बुटवल | २०८२ साउन २९ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday August 14, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# रविको कारागार सरुवाको सम्भावना बढ्यो




तस्विरः एआई ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

पूर्व गृहमन्त्री एवं रास्वपा सभापति रवि लामिछाने जिल्ला कारागार रुपन्देहीबाट अन्यत्र सरुवा हुने सम्भावना बढेको छ ।

लामिछानेले यसअघि नै काठमाडौंको कारगारमा सरुवाको निवेदन दिएका थिए । अदालतले समेत सरुवाको आदेश दिएको थियो ।

तर गृह प्रशासनले रोकेको थियो । तर साउन २६ गते राष्ट्रिय मानव अधिकार आयोगको टोलीले भैरहवा कारागार अवलोकनका क्रममा लामिछानेले यहाँ आफ्नो ज्यानको असुरक्षा भएको, शौचालय र पानी राम्रो नभएको, कोठा बाहिर निस्केर हिंड्डुल गर्न सुरक्षाको कारण भन्दै कारागार प्रशासनले नदिएको, हावा पनि नछिर्ने गरी झ्यालमा प्लाइउडले टालिएका कारण गर्मीले बस्न असहज भएको गुनासो पोखेका थिए ।

उनले कैदीको न्यूनतम मानवअधिकार समेत उपयोग गर्न नपाएको बताउँदै अन्तर्राष्ट्रिय अदालतसम्म पुग्ने तयारीमा रहेको मानवअधिकार टोलीलाई जानकारी गराएपछि सरकारी पक्ष लामिछानेको कारागार सरुवा गर्न बाध्य हुन लागेको संकेत देखिएको छ ।

भैरहवा कारागारका प्रमुख सुरेश भण्डारीले समेत बीबीसीसँगको अन्तर्वार्तामा कारागार वरिपरि अग्ला निजी घरहरु रहेका र त्यहाँबाट सबै गतिविधि कैद गर्न सकिने, इट्टा, ढुंगा वा अन्य वस्तु प्रहार गरेको खण्डमा कैदीलाई चोटपटक लाग्न र अप्रिय घटना घट्न सक्ने अवस्था रहेको, भारतसँगको बोर्डर नजिकै रहेकाले पनि भैरहवा कारागार सुरक्षाका दृष्टिले निकै संवेदनशील रहेको बताएका थिए ।

कारागार प्रशासनको यो भनाइ, राष्ट्रिय मानवअधिकार आयोगको टोलीले अवलोकनपछि अवस्था देखेर तथ्य स्वीकार पनि गरेकाले लामिछानेका लागि भैरहवा कारागार उपयुक्त नभएको निष्कर्ष निकालेको हुँदा अन्यत्र स्थानान्तरण गर्न सरकारमाथि दबाब बढेको छ ।

यही कारण गृहमन्त्री रमेश लेखकले बुधबार कानुन, न्याय तथा मानवअधिकार आयोगको बैठकमा बोल्दै लामिछानेले कारागार स्थानान्तरणको विषयमा सरकार गम्भीर बनेको बताएका छन् ।

'जुन अदालतमा मुद्दा चलिरहेको छ, त्यो अदालतले अनुमति दिने कुरा हो, उहाँ (रवि) बारे अदालतको पनि अनुमति छ ।

निवेदन पनि छ । त्यसमा सरकारले सुरक्षाका सबै विषयहरूलाई हेरेर कुन कारागारमा सार्ने भन्ने निर्णय गर्छ । यो कुरालाई गम्भीरतापूर्वक लिएको छु । थप सकारात्मक रूपमा लिन्छु पनि ।'-उनले भनेका छन् ।

गृहमन्त्री लेखकले रुपन्देही कारागारमा रहेका लामिछानेलाई कैदीबन्दीहरुले पाइरहेको सुविधाबाट कुनै वञ्जित नगरेको दाबी गरेका थिए ।

'उहाँलाई सानै भए पनि अलग्गै कोठामा राखिएको छ । उहाँलाई लगातार त्यहाँको कारागारको प्रशासनले केही समस्या छ की, केही गर्नुपर्छ की भनेर सोधेकै अवस्था छ, तर उहाँलाई विशेष सुविधा दिइएको छ भन्ने पनि होइन । तर न्यूनतम सुविधाबाट कारागारभित्र प्राप्त हुने सुविधाबाट वञ्चित गरिएको होइन ।'-गृहमन्त्रीले भनेका छन् । १९५० सालमा बनेको भैरहवा कारागारमा क्षमताभन्दा तीन गुणा बढी ६३१ कैदीबन्दी छन् ।

रवि भैरहवा कारगारमा रहेकै अवस्थामा रुपन्देही ३ को उप-चुनाव हुँदै गर्दा रास्वपाप्रति मतदाताको थप सहानुभूति बढ्नसक्ने आंकलन पनि सत्ता पक्षलाई भएकाले कारागार सरुवा गर्न सक्ने सम्भावना बढेको रास्वपा रुपन्देहीका एक पदाधिकारीले बताए ।

'सामान्यतया जो सुकै कैदीले पनि कारागार सरुवाको माग गरेको अवस्थामा सरुवा हुनुपर्ने थियो, तर सरकारले रोक्यो, राष्ट्रिय मानवअधिकार आयोगको टोली र कारागार प्रशासनले नै हाम्रो सभापतिका लागि यो कारागार सुरक्षित छैन भन्ने स्वीकार गरेपछि सरकारलाई बाध्य भएर सार्नुपर्ने दबाब परेको छ,' ती नेताले भने-'यहीं रहेको अवस्थामा उपचुनाव हुँदा रास्वपाको भोट अझै बढ्छ भन्ने पनि लागेको छ, उहाँहरुलाई ।'

## ०८४ सम्म कांग्रेस-एमाले समीकरण : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले ०८४ को निर्वाचनसम्म अहिलेकै राजनीतिक समीकरण कायम रहने दाबी गरेका छन् ।

बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् ।

राजनीतिक र नीतिगत स्थिरता कायम गरौं र बिग्रेको अर्थतन्त्रलाई सही बाटोमा फर्काऔं भनेर संसद्का दुई प्रमुख दलहरू मिलेको प्रधानमन्त्री ओलीको भनाइ छ ।

'मुलुकमा राजनीतिक र नीतिगत स्थिरता कायम गरौं र बिग्रेको अर्थतन्त्रलाई सही बाटोमा फर्काऔं भनेर संसद्का दुई प्रमुख दलहरू मिलेर, अन्य दलहरूको समेत सहयोगमा यो सरकार बनेको हो ।'-उनले भनेका छन् ।

तर, विपक्षी दलहरूलाई किन स्थिरता अप्रिय लागेको ? भन्दै प्रधानमन्त्री ओलीले प्रश्न गरे ।

अस्थिरताको जतिसुकै चाहना राखे पनि आगामी ०८४ सालको निर्वाचनसम्म यही समीकरण रहने उनले दाबी गरे ।

'देशका लागि, राजनीति र नीतिगत स्थिरताका लागि त यो पक्कै होइन, र हुन सक्दैन । म सबैलाई स्पष्ट पार्न चाहन्छु, अस्थिरताको जतिसुकै चाहना राखे पनि आगामी ०८४ सालको निर्वाचनसम्म यही राजनीतिक समीकरण अगाडि बढ्छ ।'- प्रधानमन्त्री ओलीले भने ।

प्रधानमन्त्री ओलीले रवि लामिछानेमाथि सहकारी ठगी प्रकरणमा कारबाही प्रक्रिया अघि बढाउँदा राजनीतिक प्रतिशोध राखेको जबरजस्त भाष्य बनाउन खोजेको भन्दै असन्तुष्टि जनाएका छन् ।

उनले पूर्वमन्त्री, सासद, मेयरलगायत अन्य व्यक्तिहरुलाई पनि अदालतले थुनामा पठाएको बताए ।


» बाँकी ३ पेजमा


## चोलेन्द्रविरुद्ध सर्वोच्चमा रिट

बुटवल । संसद विघटनसहितका १३ वटा फैसलाको पूर्णपाठ नलेखेको भन्दै पूर्वप्रधानन्यायाधीश चोलेन्द्रसमशेर जबराविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ ।

कानुन व्यवसायी यज्ञमणि न्यौपानेले रिट दायर गरेका हुन् । रिटमा २०७७ फागुन ११ गते प्रतिनिधिसभाको विघटन बदर हुने आदेशको पूर्णपाठ निर्णय सुनाएको २१ दिनभित्र आउनुपर्नेमा हालसम्म नआएको उल्लेख छ ।

न्यायाधीशले सेवा निवृत्त भएपछि पाँच वर्षसम्म पनि फैसला तयार नगर्नु अदालतप्रति अवहेलनाको विषय हो भन्दै उक्त रिट निवेदनमा भने अवहेलनाको निवेदन पेश गर्नु नपर्ने भनिएको छ । कानुन व्यवसायी न्यौपानेले फैसलामा एक मत नभए आफ्नै राय र एक मत भए सामूहिक रायसहितको फैसला लेखी प्रमाणीकरण गर्नुपर्नेमा त्यसो नभएकोमा आपत्ति जनाएका छन् ।

रिटमा जबराले ५ वर्ष वितिसक्दा पनि मिति २०७७ फागुन ११ को फैसला अन्तिम/आदेशमा सही नगरको भन्दै लेखिएको छ-'फैसलामा एकमत नभए आफ्नो राय र एकमत भए सामूहिक रायसहितको फैसला लेखी प्रमाणीकरण गर्नु पर्नेमा न्यायपालिकाप्रति पूर्वाग्रह राखि फैसला तयार नगरेको र सहीछाप प्रमाणिकरण समेत नगरी सर्वोच्च अदालत नियमावली २०७४ नियम ९१(१) ले निर्धारण गरेको पदिय दायित्व समेत पुरा नगरेको हुँदा न्यायपालिकाको आस्था र गरिमालाई कायम राख्न प्रधानन्यायधीश जस्तो गरिमामय पदाधिकारीले प्राप्त अख्तियारीको पालना नगरेको क्रियालाई जतिसक्दो छिटो पालन गराई न्यायपालिकाको जनआस्था र भरोसामा भएको गिरावटको अपुरणीय क्षतिलाई रोकी न्यायपालिकाप्रतिको जनआस्थालाई कायम राख्नका लागि अविलम्ब फैसला तयार तथा सहीछाप प्रमाणीकरण गर्नु गराउनु, फैसला तयार पार्ने तथा सहिछाप गर्ने कार्य नरोक्नु भनी विपक्षी चोलेन्द्र शम्शेर जवरा समेतका नाममा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ (१) बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ । साथै, प्रस्तुत विषयबस्तुको गम्भीरतालाई मध्यनजर गरी अग्राधिकार दिलाई मुद्दाको सुनुवाइ गरिपाउँ ।'

## अशोक राई र राजेन्द्र महतोको पार्टी मिल्दै



बुटवल । अशोक राई नेतृत्वको जसपा र राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीबिच एकता उन्मुख सहकार्य हुने भएको छ । दुई पार्टीबिच बिहीबार कार्यगत एकता घोषणा हुन लागेको राष्ट्रिय मुक्ति पार्टीका नेता केशव झाले बताए ।

एकताको लक्ष्य राखेर कार्यगत एकता गर्ने निष्कर्षमा पुगेको र बिहीबार दिउँसो बानेश्वरमा दुवै पार्टीका शीर्ष नेताहरूले सम्बोधन गर्नेगरी घोषणा सभा राखेको झाले बताए ।

राई उपेन्द्र यादवसँग अलग भएको हुन् भने महतो महन्थ ठाकुर नेतृत्वको लोसपाबाट अलग भएका नेता हुन् ।

राष्ट्रिय मुक्ति पार्टी मधेस केन्द्रित सात दल सहभागी भएको संघीय लोकतान्त्रिक मोर्चामा पनि आबद्ध छ । तर जसपा मोर्चामा छैन ।

## शिक्षा विधेयकमा असहमति जनाउँदै देशव्यापी आन्दोलनको तयारीमा प्याब्सन

बुटवल । शिक्षा विधेयकमा समावेश छात्रवृत्तिलगायत विषयमा असहमति जनाउँदै निजी विद्यालय सञ्चालकहरुको संस्था प्याब्सन आन्दोलनको तयारीमा लागेको छ ।

पालिका, प्रदेश र केन्द्रसम्म ज्ञापनपत्र बुझाउने र माग सम्बोधन नभए विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिने प्याब्सन केन्द्रीय समितिको तयारी छ ।

प्याब्सनले साउन २९ गते पालिकाहरुका अध्यक्ष वा मेयर र पालिका शिक्षा शाखा प्रमुखलाई, ३० गते जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ र जिल्ला समन्वय समितिको कार्यालयमा, भदौ १ गते प्रदेशमा मुख्यमन्त्री र सामाजिक विकास मन्त्रालयलाई ज्ञापन पत्र बुझाउने कार्यक्रम घोषणा गरेको छ ।

भाद्र २ गते आ-आफ्नो निर्वाचन क्षेत्रका संघीय सांसदहरूलाई ज्ञापन पत्र बुझाउने र सोही बेलुका सुझाव संकलनका लागि राष्ट्रिय परिषद्को जुम बैठक बस्ने निर्णय गरेको प्याब्सनका महासचिव आरबी कटुवालले जानकारी दिए ।

भाद्र ३ गते हरेक पालिकास्तरीय समितिको आन्दोलन तयारी बैठक बस्ने, भाद्र ४ गते प्रत्येक जिल्लामा जिल्लास्तरीय समितिको आन्दोलन तयारी बैठक बस्ने, भाद्र ५ गते सातै प्रदेशमा प्रदेशस्तरीय समितिको आन्दोलन तयारी बैठक बस्ने तथा भाद्र ६ र ७ गते केन्द्र र प्रदेशस्तरमा सरोकारवालाहरुसँग अन्तरक्रिया गर्ने निर्णय गरेको छ ।

भदौ ७ गतेसम्म पनि निकास ननिस्किए विद्यालय बन्दसम्मको कार्यक्रम हुने भएकाले सबै निजी विद्यालयलाई तयारी गर्न प्याब्सन केन्द्रले निर्देशन दिएको छ ।




## सम्पादकीय

# मल अभावमा प्रधानमन्त्रीको असन्तुष्टि

समयमै किसानले मल नपाएको गुनासो बढेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले कृषिमन्त्री, उद्योगमन्त्रीलगायत कृषिका विभिन्न निकायका पदाधिकारीहरुलाई कार्यालयमै बोलाएर मलको अभावबारे जानकारी लिएर उनीहरुको कामप्रति असन्तुष्टि जनाएका छन् ।

किसानले मल नपाएकोबारे प्रधानमन्त्रीले लिएको चासो र सरोकारलाई सकारात्मक मान्नुपर्छ । जिम्मेवार र जवाफदेही हुनुपर्ने निकायले जिम्मेवारी पूरा नगरेपछि प्रधानमन्त्रीले नै पहलकदमी लिनु स्वभाविक हो । हरेक वर्ष मलको अभाव भइरहन्छ । अभाव हुन नदिनका लागि राज्यले बेलैमा प्रक्रियागत काम अघि बढाउन नसक्दाको समस्या हो । सधैँ अभाव झेल्नुपर्ने किसानको पीडा छ । कृषि प्रधान मुलुकमा मलको अभावमा किसान छटपटाउनुपर्ने बाध्यता छ । मुलुकभर अहिलेसम्म ९२ प्रतिशत धान रोपाइँ सकिएको छ ।

सरकारले बेलैमा मल नपाएको बारे विगतमा पनि पहलकदमी नलिएको भन्दै विरोध हुँदै आएको छ । प्रक्रियागत ढंगले मल ल्याउन भइरहेको ढिलाइले किसानले बेलैमा मल राख्न पाउँदैनन् । किसानका वर्षौंदेखिका पीडामा मलहम लगाउन सरकार उदासीन बन्दा निराशा बढेको छ । सरकारी जिम्मेवार निकायले काम नगरेपछि प्रधानमन्त्रीले नै पटक-पटक पहलकदमी लिनुपर्ने बाध्यताले देशमा शासकीय प्रणाली व्यवस्थापनमै समस्या छ कि कार्यशैलीमा भन्ने प्रश्न पनि उठेको छ ।

प्रधानमन्त्रीले छलफलमा सहभागीलाई प्रश्न गरे-'मलको अभाव किन भयो ? तपाईंहरूको संस्था नै यसका लागि बनेको छ, मलको अभाव छ, तपाईंहरूको संस्थाले के काम गऱ्यो त ? गाली त तपाईंको संस्थाले खाइराखेको छैन, तपाईंको संस्था मल आपूर्ति गर्न सकेको छैन, चुप लागेर बसेको छ ।' प्रधानमन्त्री ओलीले गत वर्ष प्रधानमन्त्री हुँदा नै चाहिने कुरा सबै व्यवस्था गरेर मलको आपूर्तिमा कुनै कमी नहोस् भनेर स्पष्ट रूपमै निर्देशन दिएका थिए । एक वर्ष बित्दा समस्या ज्यूँ का त्यूँ छ ।

त्यसो त प्रधानमन्त्रीको पहलकदमी जति स्वभाविक छ, त्यसअनुसार मलका लागि आवश्यक बजेट विनियोजन उत्तिकै आवश्यक छ । पर्याप्त बजेट बेलैमा व्यवस्थापन गरी खरिद प्रक्रिया अघि बढाउन मातहतको निकायलाई कृषि मन्त्रालयले मार्गनिर्देशन गर्नुपर्छ ।

# दोहोरो अंकले घट्यो सेयर बजार



काठमाडौँ । सेयर बजार बुधबार पनि दोहोरो अंकले घटेको छ । सातामा तेस्रो दिन खुलेको बजार बुधबार १०.५० अंकले घटेको हो । योसँगै २७८५.७४ अंकमा झरेको छ । बजारमा ६ अर्ब १६ करोडको कारोबार भएको छ ।

बजारमा ८९ वटा कम्पनीको मूल्य घट्दा १५९ वटाको मूल्य घटेको छ भने एउटा कम्पनीको मूल्य स्थिर रहेको छ । बजारमा समूहगत सूचकको अवस्था भने मिश्रित देखियो । १३ मध्ये ४ वटा समूहको सूचक घट्दा बाँकी ९ वटा सूचक घटेका छन् । ट्रेडिङ समूहमा सबैभन्दा धेरै १.५० प्रतिशत गिरावट हुनु बाहेक घटबढ भएका सबै समूहको वृद्धि वा गिरावट १ प्रतिशतभन्दा कम छ । बजारमा मायाखोला हाइड्रोपावरको सबैभन्दा धेरै ५.७४ प्रतिशतले बढेको छ । कुमारी बैंकको डिवेञ्चर २०८६ को मूल्य ९.४८ प्रतिशतले घटेको छ ।

बजारमा बलेफी हाइड्रोपावरको ३४ करोडको सेयर कारोबार हुनु नै सबैभन्दा उच्च कारोबार रह्यो । कारोबार भएको सेयर संख्या र कारोबार संख्याका आधारमा पनि सोही कम्पनी अगाडि रहेको छ ।

# सेवा प्रवाहका जनगुनासा



शिवराम न्यौपाने

*छरिएको जिम्मेवारीका कारण निकायगत समन्वयको कठिनाइले सेवा प्राप्ति जटिल भएको छ । एकीकृत सेवा नीतिलाई विस्तार गरी प्रभावकारी गराउने, प्रकृति मिल्दो सेवा प्रवाहमा एकद्वार नीति अवलम्बन गर्ने, क्षतिपूर्तिसहितको नागरिक बडापत्र क्रमशः सबै निकायमा लागु गर्दै जाने, सेवा केन्द्रलाई समयानुकूल स्रोतसाधन र प्रविधिले सम्पन्न गराउनु पर्छ । कर्मचारीको मनोबल र जाँगरलाई मजबुत गराउने, स्वास्थ्य, मालपोत, जिल्ला प्रशासन, स्थानीय पालिका जस्ता क्षेत्रको सेवामा विस्तार भएको साथै सेवाग्राहीको संख्या र आकाङ्क्षासमेत बढेका कारण यस्ता निकायको सङ्गठन संरचना विस्तार गरी थप जनशक्तिको व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिनु पर्छ ।*



जनताको हितका लागि राज्यकातर्फबाट उपलब्ध हुने वस्तु तथा सेवा सार्वजनिक सेवा हुन् । सरकारले आमनागरिकको सर्वोत्तम हित र उन्नतिका लागि निःशुल्क, सशुल्क वा अन्य कुनै प्रकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपलब्ध गराउने सेवा सुविधालाई सार्वजनिक सेवाका रूपमा स्वीकारिएको हुन्छ । सरकार नागरिकको समृद्धिका लागि गठन भएको हुन्छ र सरकारबाट नागरिकको विभिन्न अपेक्षा हुन्छ । ती अपेक्षा पूरा गर्न जनताबाट प्राप्त करको उपयोग जनताका लागि नै गर्ने कार्य स्वरूप सार्वजनिक सेवा प्रवाहको कार्य भएको हुन्छ । सार्वजनिक सेवाले सरकार र जनताबिचको सेतुलाई बलियो बनाई सुशासनको प्रत्याभूत गराउने हुन्छ । सार्वजनिक सेवाअन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सार्वजनिक यातायात, शान्ति सुरक्षा, विद्युत् आपूर्ति, नगर विकासका कार्य पर्छन् । सार्वजनिक सेवा प्रवाहको प्रभावकारिताका आधारमा नागरिकले सरकारप्रति सकारात्मक वा नकारात्मक धारणा बनाउने भएकाले हरेक सरकारले प्रभावकारी सेवा प्रवाह गर्ने कार्यलाई महत्व दिएको हुन्छ । सेवा प्रवाहको गुणस्तरका आधारमा मुलुकमा सुशासन भए नभएको जाँचसमेत गरिने भएकाले विश्वका अधिकांश मुलुकले जनताको वरिपरि सेवा हुनु पर्छ न कि सेवाको वरिपरि जनता भन्ने मान्यतालाई अवलम्बन गरेका छन् ।

**सेवा प्रवाहका आधार**

सरकारले सेवा प्रवाहलाई प्रभावकारी गराउन विभिन्न कानुनी एवं नीतिगत व्यवस्थाका साथै सङ्गठनात्मक आधारलाई समेत मजबुत गराउँदै लगेको छ । वर्तमान संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने व्यवस्था भएको छ । चालु सोह्रौं योजनाले सार्वजनिक सेवामा सुधार गर्नका लागि विद्युतीय माध्यम एवं नवीन प्रविधिको उच्चतम उपयोग गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने, सबै प्रकारको सेवाका लागि सरकारी सूचना प्रणालीको एकीकृत उपयोग सबै किसिमका सार्वजनिक र निजी संस्थामा विद्युतीय अभिलेख प्रणालीको विकास गरी संस्थाको सेवा प्रवाहको नियमन र गुणस्तर अभिवृद्धि गर्ने रणनीति अवलम्बन गरेको छ । दुर्गम क्षेत्रमा घुम्ती सुवाका साथै एकद्वार एवं विद्युतीय सेवा प्रणालीलाई क्रमशः विस्तार गर्दै लगिएको छ । सेवा प्रवाहमा खटिने कर्मचारीलाई सेवाप्रति जिम्मेवार र बफादार गराउन सेवा सञ्चालन कानुनमा कर्मचारीको आचरण र कारबाहीको स्पष्ट व्यवस्था गरिएको छ ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउने, भ्रष्टाचारमुक्त र चुस्त गराउने, असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउने सेवा छिटोछरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने व्यवस्था गर्ने सम्बन्धमा स्पष्ट गरेको छ । साथै सेवाग्राहीलाई सेवा प्राप्त गर्न सहज गराउन सबै सरकारी निकायले सेवाग्राहीले सहजै बुझ्ने गरी अनिवार्य रूपमा नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था भएको छ । सेवाप्रति सेवाप्रदायकलाई बढी उत्तरदायी गराउन पछिल्लो समय केही निकायमा क्षतिपूर्तिसहितको नागरिक बडापत्रलाई कार्यान्वयनमा ल्याइएको छ ।

**सेवाग्राहीको गुनासो**

हरेक सरकारले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी गराउने उद्देश्य राख्ने गरेको भए पनि सेवाग्राहीको गुनासो निरन्तर रहने गरेको छ । मूलतः सार्वजनिक सेवा पर्याप्त नभएको, गुणस्तर कमजोर रहेको, सेवाको सुनिश्चितता नरहेको, सेवा प्रवाहमा भ्रष्टाचार अनियमितता रहेकोलगायतका मुख्य गुनासा रहेका छन् । सेवा लिन धेरै झन्झट बेहोर्नु परेको, सेवा ढिलो हुने गरेको, सेवा केन्द्रहरू टाढा रहेको, सेवाको लागत उच्च रहेको, सेवा प्रवाहमा नातावाद कृपावादले महत्व पाएको, सेवा एवं सेवा प्रवाहको प्रक्रिया बुझ्न कठिन रहेको, सेवा केन्द्रीकरण भएको, सेवा प्रवाहमा बिचौलिया दलालको हस्तक्षेप रहेको, कर्मचारीको कार्य शैली सेवाग्राहीमैत्री नभएको गुनासा रहेका छन् । साथै सेवा पुरानो प्रकृतिका भएको, सेवा केन्द्र पुराना र जीर्ण रहेका, प्रविधि एवं औजार पुराना रहेको, कर्मचारीको सोच र कार्यशैली परम्परागत भएको, सेवा एउटै ढोकाबाट पाउन नसकिएको, सेवा समय अनुकूल नभएको लगायतका गुनासा रहेका छन् ।

सार्वजनिक सेवा प्रवाहमा दशकौँदेखि एउटै प्रकृतिका गुनासा रहेका छन् । सेवा केन्द्र गैरसरकारी एवं निजी क्षेत्रको विकासको तुलनामा कमजोर अवस्थामा रहेका छन् । साथै प्रविधि, औजार, जनशक्तिलगायतका आधारभूत कुरा पुराना भएका कारण सेवाको प्रकृति साथै सेवा प्रवाहको विधिमा समेत सुधार आउन सकेको छैन । सार्वजनिक सेवा प्रवाहमा गुनासा रहनुमा मूलतः मुलुकको विकट भूभौतिक स्वरूप एवं भौगोलिक दुरी कायमै रहनु, सामाजिक संरचना एवं बस्ती विकास कमजोर हुनु, केन्द्रीकृत सङ्गठन संरचनामा सुधार आउन नसक्नु, निकायगत कार्य जिम्मेवारी छरिएर रहनु, सेवाग्राहीमैत्री भौतिक संरचना एवं पूर्वाधारको कमी हुनु, गैसस, नागरिक समाज, सहकारी संस्थालाई सेवा प्रवाहमा पर्याप्त मात्रामा परिचालन गर्न नसकिएको, कार्य पद्धति प्रक्रियामुखी नै रहेको, अधिकारको विकेन्द्रीकरण हुन नसकेको, सेवाका सम्बन्धमा भएका सूचना पारदर्शी हुन नसकेको अवस्था रहेको छ । साथै सरकारले सार्वजनिक सेवा प्रवाहको कार्यलाई प्राथमिकतामा राखी सुधार गर्न नसकेको, सेवा केन्द्रहरूको अनुगमन मूल्याङ्कन र तत्काल सुधारको योजनालाई ध्यान नदिएकोलगायतका कारण पनि रहेका छन् ।

**गुनासा कम गर्ने उपाय**

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी गराई सुशासनको प्रत्याभूति गर्नका लागि राजनीतिक, प्रशासनिक, न्यायिक एवं सामाजिक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायित्व, सदाचारयुक्त कार्य प्रणाली र व्यवहार आवश्यक पर्छ । तहगत सरकारका बिचमा अधिकार, दायित्व एवं कर्तव्य, कार्य जिम्मेवारी र प्रभावकारी समन्वयलाई सबल र सुदृढ बनाउन अपरिहार्य भएको छ । राज्यबाट प्रवाह गरिने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सेवाप्रतिको जनविश्वास मजबुत गराई राख्नु पर्छ । पूर्ण नगदरहित कारोबारका लागि नीतिगत, कानुनी, संस्थागत र कार्यक्रमको कार्ययोजना तर्जुमा गरी चरणबद्ध रूपमा कार्यान्वयनमा ल्याउने, खुला सरकारको अवधारणा अवलम्बन गरी सार्वजनिक सेवामा सुशासन कायम गर्न जनउत्तरदायी, पारदर्शी, सहभागितामूलक कानुनको परिपालना गर्ने वातावरण तयार गर्ने, उच्च पदाधिकारीको अनिवार्य रूपमा सूचकको आधारमा निष्ठाको मूल्याङ्कन गर्ने संयन्त्रको विकास गर्ने, सूचना प्रविधिको प्रयोग, छरितो प्रशासनिक संरचना, उच्च मनोबल र अभिप्रेरित कर्मचारीतन्त्रमार्फत् सार्वजनिक सेवालाई प्रभावकारी बनाउन जरुरी छ ।

छरिएको जिम्मेवारीका कारण निकायगत समन्वयको कठिनाइले सेवा प्राप्ति जटिल भएको छ । एकीकृत सेवा नीतिलाई विस्तार गरी प्रभावकारी गराउने, प्रकृति मिल्दो सेवा प्रवाहमा एकद्वार नीति अवलम्बन गर्ने, क्षतिपूर्तिसहितको नागरिक बडापत्र क्रमशः सबै निकायमा लागु गर्दै जाने, सेवा केन्द्रलाई समयानुकूल स्रोतसाधन र प्रविधिले सम्पन्न गराउनु पर्छ । कर्मचारीको मनोबल र जाँगरलाई मजबुत गराउने, स्वास्थ्य, मालपोत, जिल्ला प्रशासन, स्थानीय पालिका जस्ता क्षेत्रको सेवामा विस्तार भएको साथै सेवाग्राहीको संख्या र आकाङ्क्षासमेत बढेका कारण यस्ता निकायको सङ्गठन संरचना विस्तार गरी थप जनशक्तिको व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिनु पर्छ । साथै सेवा प्रवाहलाई विकेन्द्रित गर्ने, सरकारी निकायबाट हुने गरेका सेवालाई सार्वजनिक संस्थान, सहकारी, गैरसरकारी क्षेत्र, सामाजिक सङ्घ संस्थाबाट गराउन सेवा हस्तान्तरण गरी सरकार सहजीकरण र निगरानीको भूमिकामा रहने, प्रशासनिक प्रक्रियालाई सहज र पारदर्शी गराउने कार्यलाई प्रभावकारी गराउनु पर्छ । सेवा केन्द्रमा बिचौलिया, दलालको प्रवेश रोकी प्रक्रियामा हुने गरेको हस्तक्षेपलाई नियन्त्रण गर्ने, निकायगत समन्वय, सेवालाई अनुमानयोग्य र गुणस्तरीय गराउने, कर्मचारीको सेवाग्राहीप्रतिको सोच र व्यवहारमा सुधार गर्ने र सेवा केन्द्रहरूमा नियमित अनुगमन र सुधारको कार्यलाई प्राथमिकता दिनु पर्छ । गोपबाट


Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

**Road Infrastructure Development Office**
Arghakhanchi

**Notice for Amendment in Invitation for Online Bid**

Published Date: 14th August, 2025(2082/04/29)

This is to notify to all the concern bidders that bid has been published with reference to the notice Published through www.bolpatra.gov.np/egp and "Dainik Lumbini" National Daily newspaper dated on 15th July, 2025 (2082-03-31), regarding the correction on bidding documents of following clauses only.

| SN | Clause No | Existing Provision | Amended Provision |
|---|---|---|---|
| For Contract No RIDO-ARG-W-NCB-154-2081/082 | | | |
| 1 | IFB Point No 9 & ITB 19.1 | Bid security amounting to a minimum of NRs. 23,25,000. | Bid security amounting to a minimum of NRs. 33,25,000 |
| For Contract No RIDO-ARG-W-NCB-164-2081/082 | | | |
| 2 | 2.4.2 Specific Construction Experience (a) &(b) | Construction of Trail Bridge(both N&D type) | Construction of LSTB ( N or D type) |
| For Contract No RIDO-ARG-W-NCB-154-2081/082, 141.-2081/082 & 164-2081/082 | | | |
| 3 | ITB 22.1 & ITB 25.1 | The deadline for bid submission and Opening is: Date: 15th Aug, 2025(2082-04-30) Time: 12.00 | The deadline for bid submission and Opening is: Date: 21th Aug, 2025 (2082-05-05) Time: 12.00 |
| For all Contracts Published on 15th July, 2025 (2082-03-31) | | | |
| 4 | ITB 34.1 sub contracting: | Maximum percentage of sub contracting permitted is: 25% of the total contract amount | Maximum percentage of sub contracting permitted is: 0% of the total contract amount |

For Further details, Please refer www.bolpatra.gov.np/egp and contact the RIDO, Arghakhanchi office.

# रोटरीले गरेका कामको कोइरालाद्वारा अवलोकन



बुटवल । रोटरी क्लब अफ बुटवलले यस क्षेत्रमा गरेका सामाजिक कामको रोटरी ३२९२ का डिष्ट्रिक गभर्नर विनोद कोइराला, सेक्रेटरी सुभाष सिग्देलको टोलीले स्थलगत अवलोकन गरेको छ। विशेष गरी रोटरी क्लव अफ बुटवलले तिलोत्तमाको वनबाटिका तथा अनुसन्धान केन्द्रभित्र सञ्चालन गरेको मोनोरेल, रोटरी बाटिका, ई-लाइबेरी तथा शाइन्स थ्रेटर , रक्तदानका लागि प्रदान गरिएको रोटरी एम्बुलेन्स बस, एम्बुलेन्स भ्यान, मगरघाटमा निर्माण गरिएको पर्यावरण मैत्री रोटरी शवदाह गृहको अवलोकन गरेको रोटरी क्लब अफ बुटवलका अध्यक्ष कृष्ण पराजुलीले बताए । निरीक्षणका क्रममा वनबाटिका तथा अनुसन्धान केन्द्रका अध्यक्ष खिमलाल पाण्डेले रोटरीले मानवीय सेवासँगै पार्कमा ठूलो लगानीमा सञ्चालित परियोजनाबाट वार्षिक करिव २० लाख आम्दानी हुने गरेको र सो आम्दानीको २० प्रतिशत आपतकालिन कोषमा राखेर परियोजना सञ्चालन गर्दै गर्दा मर्मत सम्भार गर्नु पर्दाको समयमा खर्च गर्ने गरी व्यवस्था मिलाइएको बताए।

अवलोकनपछि अफिसियल क्लब भिजिट, १५७७ रेगुलर मिटिङ र तेस्रो क्लब एसेम्बल्ली कार्यक्रम आयोजना गरिएको थियो । सो अवसरमा डिष्ट्रिक गर्भनर कोइराला समक्ष रोटरी क्लक अफ बुटवलले वर्ष २०२५/०२६ मा गर्ने वार्षिक कार्यक्रमका बारेमा जानकारी गराइएको थियो । कार्यक्रममा क्लबका एडमिन डाइरेक्टर खिमनारायण पराजुली, क्लब सर्भिस डाईरेक्टर लालहरि पाण्डे, द रोटरी फाउन्डेशन डाइरेक्टर छबिन्द्र भट्टराई, मेम्वर सीप कमिटी डाइरेक्टर जीवकान्तकाफ्ले, पब्लिक कमिटी डाइरेक्टर गोबिन्द खनाल, प्रिसिडेन्ट इलेक्ट मधुप्रसाद अर्यालले क्लबले यो वर्ष गर्ने, आ-आफ्ना सेक्टरका कामबारे प्रकाश पारेका थिए । सोही समारोहमा क्लबका पूर्व अध्यक्ष अजयमान श्रेष्ठले रोटरीहरुले आयोजना गर्ने पदहस्तान्तरण कार्यक्रम भडकिलो हुने गरेकोमा सच्चाउन र रोटरीयनले तिर्दै आएको शुल्कलाई बढाउन र खर्चलाई कम गर्न सुझाव दिएका थिए।

रोटरी क्लबका तर्फबाट राखिएका कार्ययोजना सुनिसकेपछि निकै प्रफुल्ल भएका डिष्ट्रिक गभर्नर विनोद कोइरालाले रोटरीको महत्वलाई थप उचाइमा पुराउँदै दाताहरुसँगको सम्बन्धलाई थप प्रगाढ बनाउन सके दाताहरुको सहयोगमा वृद्धि हुने र मानवीय आवश्यकताका थप काम गर्न सहज हुने धारणा राखेका थिए । गभर्नर कोइरालाले विश्वमा शान्ति स्थापनाका लागि रोटरीको योगदान महत्वपूर्ण रहेको भन्दै विश्वभर स्कलर्स सीपमार्फत् पिस स्कलर्सहरु तयार गरी करिब १९ सय पिस स्कलर्सलाई शान्ति स्थापनाका लागि खटाइएको बताए। उनले रोटरीमा एकता र युनाइटेड जरुरी रहेको प्रसङ्ग उल्लेख गर्दै नहुनेहरुलाई दिन सक्ने र नभएकाहरुको आवश्यकता पूरा गर्नका लागि मानवीय सेवाले ओतपोत हुन निर्देशन समेत दिएका थिए। क्लबका अध्यक्ष कृष्ण पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव शिवकुमार ज्ञवालीले सहजीकरण गरेका थिए।

# फेसबुकमा आएको आकर्षक विज्ञापनको लिङ्क खोल्दै हुनुहुन्छ भने होसियार !

बुटवल। तपाईं सामाजिक सञ्जालमा आउने अनेकन आकर्षक विज्ञान देख्नुभयो भने के गर्नुहुन्छ ? हतारिएर उक्त विज्ञापनका लिङ्क खोल्नुहुन्छ वा त्यसलाई वेवास्था गर्नुहुन्छ । सूचना प्रविधिको क्षेत्रमा भएको उल्लेखनीय विकास र विस्तारसँगै त्यसका सकारात्मक र नकारात्मक दुवै पाटा मुखर भएर आएको छ।

सामाजिक सञ्जाललाई सकारात्मक रुपमा प्रयोग गर्ने कि त्यसलाई नकारात्मक बनाउने भन्ने पनि तपाईं हाम्रै हातमा रहेको छ। पछिल्ला दिनमा सामाजिक सञ्जालको दुरुपयोग गर्ने प्रवृत्ति पनि उत्तिकै बढ्दै गएको छ। सामाजिक सञ्जालको दुरुपयोग गरेर ठगी गर्ने प्रवृत्ति मौलाइरहेको नेपाल प्रहरीले पछिल्लो पटक सार्वजनिक गरेको एउटा घटनाले देखाएको छ।

सो घटनाले सामाजिक सञ्जालमा आउने जुनसुकै लिङ्क खोल्न नहुने पनि सचेत गराएको छ । नेपाल प्रहरीका अनुसार पछिल्ला पटक धितोपत्र बजारको कारोबारका बारेमा जानकारी दिने नाममा ठगी गरिएको पाइएको छ।

फेसबुक, इन्टाग्राम, टिकटकलगायतका सामाजिक सञ्जालमा आकर्षक विज्ञापन देखाएर नेप्से एआई नामक एप डाउनलोड गर्न लगाई ठगी गरिएको छ । एआइमार्फत् शेयर बजारको विश्लेषण गरी बढीभन्दा बढी नाफा कमाउन सक्ने जस्ता भ्रामक सूचना प्रवाह गरी त्यस्ता एप डाउनलोड गर्न प्रेरित गर्ने र उक्त एप इन्स्टल गरेपश्चात् रिमोट सेसन खोली खातामा भएको सम्पूर्ण रकम क्षणभरमा अन्यत्र ट्रान्सफर गराइएको पाइएको हो।

त्यस्ता एप डाउनलोड भएपछि डिजिटल डिभाइसमा रहेको सम्पूर्ण डाटा मेटाएर प्रमाण नष्ट गरिदिने काम भइरहेको भन्ने सूचना तथा उजुरी प्राप्त भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले भ्रामक प्रलोभनमा परी नेप्से एआईलगायतका कुनै पनि अपरिचित लिङ्क तथा एपहरु नखोल्न, डाउनलोड नगर्न समेत सर्वसाधारणमा अनुरोध गरेको छ।

प्रहरीका अनुसार, जोन डोइ (साङ्केतिक नाम)ले सामाजिक सञ्जाल फेसबुकमा देखिएको विज्ञापनबाट शेयर बजारको विश्लेषण गर्नको निम्ति नेप्से एआइ नामक एप डाउनलोड गर्छन् । उक्त एप मोबाइलमा इन्स्टल गरे लगत्तै उक्त एपमा रहेको रिमोट सेसन खुल्नासाथ उनको मोबाइल स्क्रिन केही समय बन्द भएको जस्तो देखियो । सोही क्रममा निजको विभिन्न बैंक खातामा भएको रु २८ लाख ६१ हजार अन्यत्र खातामा ट्रान्सफर भएको थियो । यस्तै, निजको मोबाइलमा रहेको सम्पूर्ण डाटा तथा एपहरु समेत मेटिएको थियो । नेपाल प्रहरीको साइबर ब्यूरोका अनुसार, विगतमा पनि यस्ता उजुरी प्राप्त हुने गरेको र पछिल्लो पटकको उजुरीमा ठगीको नयाँ स्वरुप देखा परेको छ।

साइबर व्यूरोले यस्ता क्रियाकलापबाट बच्न केही सुझाव समेत दिएको छ। सामाजिक सञ्जाललाई सुरक्षित बनाउन दोहोरो सुरक्षा कोड प्रयोग गर्ने वा एसएमएसको प्रयोग गर्नु उपयुक्त हुन्छ । यस्तै, पासवर्डहरु बेला बेलामा परिवर्तन गर्नुपर्छ।

आफ्नो डिजिटल डिभाइस अपरिचित व्यक्तिलाई कुनै पनि प्रकारको जानकारी नदिने र आधिकारिक स्रोतबाट मात्र एपहरु इन्स्टल गर्नुपर्छ । त्यस्तै यस्ता घटना घटेको थाहा पाउन साथ सम्बन्धित बैंक वित्तीय संस्था, नजिकको प्रहरी कार्यालयमा खबर गर्न साइबर ब्यूरोले आग्रह गरेको छ।

**०८४ सम्म**...

उनले भने-'लाखौं जनताले सहकारीमा गरेको बचत हिनामिना गर्ने सयौं व्यक्तिमाथि न्यायालयमा मुद्दा चलेको छ । अदालतले मुद्दा हेरिरहेको छ । पूर्वमन्त्री, पूर्वसांसद्, वहालवाला मेयरलगायत विभिन्न ओहोदामा रहिसकेका दर्जनौं व्यक्तिहरुलाई अदालतले थुनामा पठाएको छ। तर अदालतले पुर्पक्षका लागि थुनामा पठाएका कुनै एक व्यक्तिमाथि 'राजनीतिक प्रतिशोध' भएको भन्ने जबर्जस्त भाष्य बनाउन खोजिएको छ। एउटा व्यक्तिमाथि प्रतिशोध भएको हो भने थुनामा रहेका अन्य व्यक्तिमाथि के भएको हो ? त्यो चाहिँ कानुनी कारबाही हो ? अर्बौं रुपैयाँ अपचलन गरेको आरोपमा थुनामा रहेका सयौं मध्ये कुनकुन व्यक्तिमाथि 'प्रतिशोध' भएको हो ? कुनकुन व्यक्तिमाथिको थुना जायज हो ?'

भीडद्वारा न्यायको हत्या गरेर अभियोगमुक्त हुन खोज्नेहरुबाट समयले यसको जवाफ सधैं माग्ने भन्दै त्यस्ताका पछि लागेर कुद्ने भीड अचम्मको मात्र होइन दयालाग्दो पनि टिप्पणी गरे।

संसद्, सरकार, न्यायालयलगायत आफ्नो काम गर्नु पर्ने लोकतान्त्रिक प्रणालीका सबैजसो अंगहरुलाई पेशेवर 'मास म्यानुपुलेसन'को आक्रमणबाट बचाउनु पर्ने उनको तर्क थियो। भिजिट भिसामा विदेश गएर उतैको नागरिकता लिएर, उताको नागरिकता नत्यागी नेपाल फर्केर मन्त्रीसम्म भएका प्रमाणित अभियुक्तहरु र भिजिट भिसामा गएर उतै दुईदुई पटक बिहे गरिसकेका व्यक्तिहरुले समेत अन्तर्राष्ट्रिय विमानस्थलमा प्लेन चढ्ने सबै नागरिकलाई 'बेचिएको' भन्ने भाष्य स्थापित गर्न खोजिरहेको बताए।

उनले थपे-'यसका पछाडि मुलुक र नागरिकको हित जोडिएको छैन, यसले इमोसनल ब्ल्याकमेलिङमार्फत् आफ्नो स्वार्थको रोटी सेक्ने प्रवृत्ति मात्र उजागर गरेको छ।'

## मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदावी सम्बन्धी ३५ दिने सूचना

**सुचना। सुचना॥ सुचना।॥**

जिल्ला रुपन्देही गैडहवा गा.पा. वडा नं. २ को च.नं. २६५६ मिति २०८२/०३/१८ को सिफारीस संलग्न राखी हाम्रो बाबु/ससुरा धर्मचन्द्र अग्रवालको मिति २०४३/०४/२४गते, आमा/सासु आशादेवी अग्रवालको मिति २०६९/०७/०५ गते आफ्नै कालगतिले मृत्यु भएकोले निजहरुबाट जन्म भएका दुई जुम्ल्याहा छोराहरु अनिल कुमार अग्रवाल र सुनिल कुमार अग्रवाल हुन जस मध्ये सुनिल कुमार अग्रवाल मिति २०८१/०१/१६ गते आफ्नै कालगतिले मृत्यु भईसकेको र निजको हकखाने हकवाला एकमात्र पनि रेनु अग्रवाल भएकोले अनिल कुमार अग्रवाल र रेनु अग्रवाल दुई जना हक वाला मात्र रहेको व्यहोरा किटानी सिफारिस सर्वे नापीमा नापी भई दर्ता हुन छुट भएको, बाबु / ससुरा धर्मचन्द्र अग्रवालको नाममा फिल्डबुक कायम भै साविक देखी हालसम्म हामीहरुको जोतभोगमा रहेको साविक वरगदवा वडा नं. ४ख कि.नं.३५ ज.वि.०-१०-३ जग्गा मालपोत ऐन, २०३४ को दफा ७ (२) तथा नेपाल राजपत्रमा मिति २०८०/१०/११गते प्रकाशित सुचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा मिति २०८२/०४/२१ गते माग निवेदन दिनुभएकोमा जग्गा दर्ता गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ।

**जग्गाको विवरण**

| सि. नं. | जिल्ला | गाउँपालिका | वडा | कि. नं. | क्षेत्रफल | फिल्डबुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | बरगदवा | ४ख | ३५ | ०-१०-३ | धर्मचन्द्र अग्रवाल | |

इति सम्बत् २०८२ साल ०४ महिना २८ गते रोज ४ शुभम्।

## Binayi Tribeni Rural Municipality
### Office of The Rural Municipal Executive
**Dumkibas, Nawalparasi (East of BardaghatSusta)**
**Gandaki Province, Nepal**

# Invitation For Online Bids

Date of publication: 2082/04/29, (14th, Aug, 2025)

1. Office of BinayiTribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Minimum Average Annual Construction Turnover | Minimum Work experience of similar size and nature | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 02/BTRM/ NCB/Works /2082-083 | Administrative building construction project of Binayi Tribeni Rural Municipality Nawalparasi (East) | best 3 years within the last 10 years NRs. 124700000 | at least one Building project of NRs. 75000000 | 4260000 | 10000 | 2082/05/ 29(14th, Sept, 2025) Before 12:00 | 90 Days | 2082/05/20 (5th, Sept, 2025) at 1:00 PM | Single Stage, Two Envelope |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East) BinayiTribeniGaunpalika GA1.1 AantarikRajashwoKhata: 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: BinayiTribeniRural Municipality, Nawalparasi (East) BinayiTribeniGaunpalika GA03 DharautiKhata.: 00815153326 | | | | | | | | | |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as specified above.
5. Pre-bid meeting shall be held at BinayiTribeni Rural Municipality,Nawalparasi (East of bardghat-susta), Dumkibas at above mention date and time.
6. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before above date. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on specific time above at the office of Binayi Tribeni Rural Municipality. Bids must be valid for a period of above mention days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum specific as above, which shall be valid for 30 days beyond the validity period of the bid. If bidders wish to submit bid security in the form of the cash, the cash should be deposited in above dharautikhata no.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. In the case of discrepancies or error in the bid, bid document, bid notice or any other documents, Binayi Tribeni Rural Municipality reserves the right to amend and correct at any time
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatever
11. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws

**Chief Administrative Officer**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३



**भेडाको किनबेचः**
बागलुङको ढोरपाटन उपत्यकामा भेडाको किनबेच गर्दै उपभोक्ता र किसान। लेकाली क्षेत्रको बुकीमा पोषिलो घाँस खाएका भेडा मासुका साथै पूजाआजामा बली दिन प्रयोग गरिन्छ।
तस्विरः सन्तोष गौतम/रासस

# एमाले लुम्बिनीले के–के प्रस्ताव पारित गर्‍यो ?




दाङ। नेकपा (एमाले) लुम्बिनी प्रदेश कमिटीको पाँचौं पूण बैठक बुधबार दाङको लमहीमा सम्पन्न भएको छ। बैठकले केन्द्रीय कमिटीको नवौं बैठकबाट पारित प्रस्तावलाई आत्मसात गर्दै थप प्रस्तावहरू पारित गरेको छ।

बैठकले प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा बनेको वर्तमान सरकारले एक वर्षमा उल्लेखनीय काम गरेको भन्दै धन्यवाद व्यक्त गरेको छ। पार्टीका अनुसार सरकारले राजनीतिक स्थायित्व कायम गर्दै राजतन्त्रको पुनर्स्थापनाको प्रयासलाई विफल बनाएको, अघिल्ला कार्यकालका उच्च प्राथमिकताका आयोजनाको निरन्तरता दिएको, सहकारी क्षेत्रका बेथितिलाई सम्बोधन गरेको, श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गरेको, शिक्षा र भूमिसम्बन्धी विधेयकलाई निष्कर्षमा पुर्‍याउने प्रयास गरेको र भ्रष्टाचारविरुद्ध दृढ अडान लिएको छ।

बैठकमा लुम्बिनी प्रदेश सरकारले सुरु गरेका राजधानीका लागि प्रशासकीय भवन, लुम्बिनी प्रादेशिक अस्पताल, रामपुर-कपुरकोट पहाडी लोकमार्ग र लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई पूर्णता दिनेगरी काम अघि बढाएको उल्लेख गरिएको छ। साथै रुपन्देही-बुटवल क्षेत्रलाई आर्थिक केन्द्रका रूपमा विकास गर्न योजनाबद्ध कार्यक्रम बनाउन जोड दिएको छ।

बैठकले लुम्बिनीलाई अर्गानिक प्रदेशको रूपमा रूपान्तरण गर्ने, कृषि, उद्योग, पर्यटन, शिक्षा र स्वास्थ्य पूर्वाधार विस्तार गर्ने, औद्योगिक तथा व्यावसायिक क्षेत्रको विकास गर्ने, मोतीपुर, नौवस्ता र नेपालगञ्जका औद्योगिक क्षेत्र निर्माण गर्ने तथा साना र घरेलु उद्योग प्रवर्धन गर्ने आवश्यकता औंल्याएको छ।

बैठकले किसानका लागि समयमै मल, बिउ र आधुनिक उपकरण आपूर्ति सुनिश्चित गर्न, दुग्ध तथा उखु किसानका बक्यौता भुक्तानी गर्न र खाद्य सुरक्षा प्रत्याभूत गर्न सबै तहका सरकारलाई आह्वान गरेको छ।

अविरल वर्षाबाट भएको जनधन र भौतिक पूर्वाधारको क्षतिप्रति दुःख व्यक्त गर्दै बैठकले पीडितलाई राहत, भत्केका संरचना पुनर्निर्माण, बाढी-पहिरोबाट सुरक्षित बसोबास र अवरुद्ध सडक तत्काल सञ्चालनमा ल्याउन माग गरेको छ। बुटवल-नारायणघाट सडकखण्डको दाउन्ने क्षेत्रमा यातायात सहज बनाउन पनि आग्रह गरिएको छ।

बैठकले बाँझो जमिनलाई उत्पादनमा ल्याउने कार्यक्रम बनाउन, बन्यजन्तुबाट हुने कृषि क्षति रोकथाम गर्न र बाँके-बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा जनावरको आक्रमणबाट हुने धनजनको क्षतिपूर्ति दिलाउन माग गरेको छ।

रुस-युक्रेन युद्ध, इजरायल-हमास द्वन्द्वलगायत विश्वव्यापी द्वन्द्वले निम्त्याएको असरबारे चिन्ता व्यक्त गर्दै बैठकले शान्ति र न्यायका लागि पहल गर्न तथा भाद्रमा हुन लागेको प्रधानमन्त्रीको भारत भ्रमणले नेपालको सार्वभौमिकता, अखण्डता र आर्थिक विकासमा सकारात्मक योगदान पुर्‍याउने अपेक्षा व्यक्त गरेको छ। पार्टी अध्यक्ष राधाकृष्ण कँडेलको अध्यक्षता तथा केन्द्रीय सदस्य तथा लुम्बिनी इञ्चार्ज पद्मा अर्यालको प्रमुख आतिथ्यतामा बैठक सम्पन्न भएको हो।

बैठकलाई सम्बोधन गर्दै नेकपा एमालेका केन्द्रीय सचिव तथा लुम्बिनी प्रदेश इञ्चार्ज पद्मा अर्यालले रुपन्देही-३ को उप-निर्वाचनको नतिजाले ०८४ सालको निर्वाचनको सन्देश दिने भएकाले कार्यकर्तालाई जितका लागि दृढतापूर्वक लाग्न निर्देशन दिइन। उनले आक्रामक रूपमा काम गर्न र सामाजिक अराजकताविरुद्ध डटेर उभिन आह्वान गरिन्। 'मेहनतपूर्वक लागेर जसरी पनि नेकपा एमालेलाई जिताउनु पर्छ। हार्ने छुट छैन। सकारात्मक सन्देश प्रवाहका लागि यो चुनाव जित्नै पर्छ।'-अर्यालले भनिन्। उनले बैठकलाई सम्बोधन गर्दै रक्षात्मक नभई आक्रामक रूपमा जुट्न तथा सामाजिक अराजकताविरुद्ध डटेर सामना गर्न आह्वान गरेकी हुन्। 'सामाजिक सञ्जालका टिकाटिप्पणीले एमाले हल्लिँदैन। यसबाट पार्टी अझ सुदृढ हुन्छ।'-उनको भनाइ थियो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले सुशासन प्रवर्धनलाई मुख्य लक्ष्य बनाएर दृढतापूर्वक काम गरिरहेको बताए। मुख्यमन्त्री आचार्यले आफ्नो नेतृत्वमा सुशासन प्रवर्धन र भ्रष्टाचार अन्त्यका लागि पाँच वर्षे रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको जानकारी दिए।

त्यस अवसरमा नेकपा (एकीकृत समाजवादी) की केन्द्रीय सदस्य तथा रुपन्देहीकी महिला नेतृ उमा काफ्ले नेकपा (एमाले) प्रवेश गरेकि थिइन। बैठकमा १२ जिल्ला अध्यक्षहरूको प्रतिवेदन प्रस्तुत भएको थियो। बैठकमा प्रदेश कमिटी सदस्यहरुको सपथग्रहण समेत गराइएको थियो। उपाध्यक्ष भोजप्रसाद श्रेष्ठले बैठकमा प्रस्तावित निर्णयहरु प्रस्तुत गरेको बैठकको सहजीकरण पार्टी सचिव लक्ष्मण आचार्यले गरेका थिए।

# रास्वपा नेताको अभिव्यक्तिविरुद्ध सीडीओलाई पत्रकारको ज्ञापनपत्र



भैरहवा। रुपन्देही-३ मा हुन लागेको उप-निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट आकांक्षी पार्थिबेन्द्र उपाध्यायले स्थानीय पत्रकारहरु माथि राखेको अभिव्यक्ति विरुद्ध रुपन्देहीका पत्रकार सम्बद्ध संस्थाले जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा ज्ञापन पत्र बुझाएका छन्।

उपाध्यायले रास्वपा केन्द्रीय कार्यालयमा आकांक्षीहरुको तर्फबाट बोल्दै गर्दा स्थानीय पत्रकारहरुलाई इंगित गर्दै गलत तथा भ्रामक अभिव्यक्ति दिएको भन्दै आवश्यक कारबाहीका लागि ज्ञापन पत्र बुझाएका हुन्।

उपाध्यायले रास्वपा केन्द्रीय कार्यालयमा आफ्नो भनाइ राख्ने क्रममा पत्रकार र सञ्चार जगतलाई बदनाम गर्ने उद्देश्यले कानुनविपरीत अभिव्यक्ति दिएको भन्दै कारबाहीको माग गर्दै पत्रकार सम्बद्ध संस्थाहरूले प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेलाई ज्ञापन पत्र बुझाएका हुन्।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोख्रेल, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष रामप्रसाद आचार्य, नेपाल पत्रकार महासंघ रुपन्देहीका कोषाअध्यक्ष नरेश केसी, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य रमेश पोखरेल, लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझी, नेपाल प्रेस युनियन रुपन्देहीका अध्यक्ष कविन्द्र नेपाल, प्रेस चौतारी नेपाल रुपन्देहीकी अध्यक्ष भगवती पाण्डे, संसदिय मामिला पत्रकार समाज लुम्बिनीका सचिव दीपक घिमिरे, मर्चवार प्रेस क्लबका अध्यक्ष हृदयराम गुप्ता र मधेशी पत्रकार समाज रुपन्देहीका कोषाध्यक्ष रविन्द्रप्रताप गुप्ताले उपाध्यायले दिएको अभिव्यक्ति माथि अनुसन्धान गरी कारबाही गर्न माग गरेका हुन्।

उपाध्यायले नेपालको संविधानले प्रत्याभूति गरेको स्वतन्त्र पत्रकारिता जगतप्रति कुदृष्टि राखी स्थानीय र अन्य मिडिया प्रति गम्भीर र अमर्यादित अभिव्यक्ति दिई समाजमा भ्रम पैदा गर्ने काम भएको भन्दै उपाध्याय माथि अनुसन्धान गरी कारबाही हुनुपर्ने भन्दै पत्रकारहरुले समूहिक रुपमा पत्र बुझाएका हुन्।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेले स्वतन्त्र पत्रकारिताको सम्मान गर्ने बताउँदै पार्थिबेन्द्र उपाध्यायले दिएको अभिव्यक्तिबारे वास्तविकता बुझी दिएको अभिव्यक्ति गलत भए कारबाही गर्ने जनाए।

# एक लाख ९३ हजार पशुचौपायालाई खोप



ढोरपाटन। जिल्लामा एक लाख ९३ हजार ७२२ पशुचौपायालाई खोप लगाइएको छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङले जिल्लाका १० वटै वडाका ८५ वडामा प्राविधिक खटाएर विभिन्न रोगविरुद्धको खोप लगाएको हो।

कुकुर, गाईभैंसी, राँगा, गोरु, बाख्रा, बङ्गुरलगायत पशुलाई खोप लगाइएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख ऋषिराम सापकोटाले जानकारी दिए। उनका अनुसार २५ हजार ५३१ गाईगोरुलाई खोरेत र लम्पी स्किन, ४२ हजार ७२८ भैंसीलाई खोरेत, एक लाख २५५ बाख्रा र ११ हजार ५३८ भैंडालाई पीपीआर खोप दिइएको हो। चार हजार ७२८ बङ्गुरलाई हैजाविरुद्धको र आठ हजार ९४२ कुकुरलाई रेबिजको खोप दिइएको सापकोटाको भनाइ छ। गत पुसदेखि जेठसम्म चार चरणअन्तर्गत किसानको गोठमा प्राविधिक पुगेर खोप लगाएका उनले बताए। किसान हिउँद र बर्खा घुम्ती बसाइँ गर्ने हुँदा चार चरणमा खोप अभियान सञ्चालन गरिएको उनले उल्लेख गरे।

प्रमुख सापकोटले भने-"जिल्लाका अधिकांश किसान घुम्ती बसाइँ गर्नुहुन्छ, हिउँदको समयमा बैंसीका बारीमा पशुचौपाया बाँध्नु हुन्छ, बर्खा लागेपछि बुकी उक्लिने चलन छ, बुकीमा पुगेर खोप लगाउन सम्भव नहुने भएकाले हामीले जेठ अन्तिम सातासम्म खोप अभियान सञ्चालन गरेका हौं। पहिले खोप लगाउन नमान्नेहरूमा अचेल पशु सुरक्षाका लागि खोप लाउनुपर्छ भन्ने मानसिकता विकास भएको छ।" उनका अनुसार पशुसेवा विज्ञ केन्द्रले करिब रु एक करोड लगानीमा खोप अभियान सञ्चालन गरेका हो।

पहिले खोप लगाउनका लागि किसानको गोठमा पुग्दा दूध घटाउँछ, बिरामी पर्छन् भनेर नमान्ने गरेकामा अहिले फोन गरेरै खोप लगाइदिन आग्रह गर्ने प्रमुख सापकोटाले बताए। तीन वर्ष अगाडि लम्पी स्किन रोगले वस्तुभाउ मरेपछि किसानलाई खोप लगाउनुपर्छ भन्ने चेतनाको विकास भएको उनको भनाइ छ। जिल्लामा अघिल्लो वर्ष दुई लाख १६ हजार ७२ पशुलाई विभिन्न रोगविरुद्धको खोप लगाइएको थियो।

ढोरपाटन नगरपालिका-९ का किसान थमबहादुर घर्तीले दुई वर्ष अगाडि पालिकाले बुकीमा आएर भैंसी र गाईलाई खोप लगाइदिएको भन्दै त्यसपछि कुनै पनि संस्थाले खोप नदिएको जनाए। आफूले १४ वटा भैंसी, नौ वटा गाई र ५० को हाराहारीमा भैंडा पालन गर्दै आएको उनले जानकारी दिए। गत वर्ष सात वटा भैंडा मर्दा करिब रु एक लाख नोक्सानी भएको उनको भनाइ छ।

"पहिलापहिला पशुलाई खोप लगाइँदैनथ्यो, तीन-चार वर्ष अगाडि पशु चिकित्सकले गोठमा आएर खोप लगाइदिनुभएको थियो, त्यसपछि कोही पनि आउनुभएको छैन", घर्तीले भने-नियमित खोप लगाउन नपर्ने भएर हो कि त्यसपछि कोही पनि आउनुभएको छैन। हामी गोठाला बजारमा जान भ्याउँदैनौं।"

# बाँकेमा काठको उत्पादनमा वृद्धि हुँदै

नेपालगञ्ज। बाँके जिल्लामा विभिन्न प्रजातिका काठको उत्पादन बढ्दै गएको छ। जिल्लामा रहेका सामुदायिक वनमध्ये ३१ वनमा सम्बर्द्धन प्रणाली लागू भएपछि काठको उत्पादन बढ्दै गएको जिल्ला वन डिभिजन कार्यालयका प्रमुख शङ्कर गुप्ताले जानकारी दिए।

"वनको दिगो व्यवस्थापनले काठ उत्पादन बढ्दै गइरहेको छ", उनले भने-"अघिल्लो आवमा तीन लाख ९८ हजार ६०८ दशमलव ७८ क्युफिट काठ उत्पादन भएकामा गत आवमा चार लाख पाँच हजार ९८ दशमलव शून्य पाँच क्युफिट उत्पादन भएको हो।"

जिल्लाका विभिन्न सामुदायिक वन, राष्ट्रिय वन तथा निजी आवादी वनमा गरी गत आवमा चार लाख पाँच हजार ९८ दशमलव शून्य पाँच क्युफिट काठ उत्पादन भएको डिभिजन वन कार्यालयले जनाएको छ।

सम्बर्द्धन प्रणाली लागू भएका सामुदायिक वनबाट एक लाख ३२ हजार ८०० दशमलव १३ क्युफिट, सम्बर्द्धन प्रणाली लागू नभएका सामुदायिक वनबाट ७४ हजार ४१७ दशमलव ८४ क्युफिट र एउटा मात्र सम्बर्द्धन प्रणाली लागू भएको राष्ट्रिय वन शम्शेरगञ्ज माथेवास चक्लाबाट ८७ हजार ६५३ दशमलव ६५ क्युफिट काठ उत्पादन भएको कार्यालयका वन अधिकृत बाबुराम पोखरेलले जानकारी दिए। उनका अनुसार अहिले जिल्लामा भुवर भवानी नामक चक्ला वन समेत थप भएको छ।

विभिन्न व्यक्तिका निजी तथा आवादी वन क्षेत्रबाट पनि अघिल्लो आवको तुलनामा गत आवमा काठ उत्पादन बढेको उनले बताए। उनका अनुसार विभिन्न सामुदायिक वन सम्बर्द्धन प्रणाली लागू भएका र नभएकाबाट विभिन्न जातका ८६५ दशमलव ६५ चट्टा, राष्ट्रिय वनबाट २९९ दशमलव ७१ चट्टा र निजी आवादी वनबाट १४५२ दशमलव ९६ चट्टा उत्पादन भएको छ।

सामुदायिक तथा राष्ट्रिय वनबाट साल, असना, धौटी, जामुन, खयर, सिसौं, हर्रो, बर्रो, कर्मालगायत प्रजातिका काठ तथा दाउरा उत्पादन भएका जनाउँदै पोखरेल निजी आवादी वनबाट मसला, टिक सिसौं, सिमल, खयरलगायत प्रजातिका काठ तथा दाउरा उत्पादन भएका बताए।

उनका अनुसार काठदाउरा बिक्रीबाट गत आवमा रु ११ करोड ९५ लाख ४१ हजार ५६८ राजस्व सङ्कलन भएको छ भने रु ११ करोड ४७ लाख ६८ हजार ४८८ विभिन्न सामुदायिक वनहरूले आम्दानी गरेका छन्।

विगत तीन वर्षमा जिल्लामा लगातार काठ दाउरा उत्पादनमा वृद्धि हुँदै आएको तथ्याङ्क छ। आव २०७९/८० मा विभिन्न जातका तीन लाख ५२ हजार दशमलव ८१ क्युफिट काठ उत्पादन भएको थियो।

# सिद्धबाबा अस्पतालमा दूरबिनबाट पाठेघरको अपरेशन




बुटवल। बुटवलको सिद्धबाबा अस्पतालमा महिलाको पाठेघरको अपरेशन आधुनिक विधि दुरबिनबाट सुरु भएको छ। विगतमा पाठेघर चिरेर गर्ने विधि भन्दा फरक विधि दूरबिनबाट अपरेसन सुरु गरिएको सिद्धबाबा अस्पताल एण्ड रिसर्च सेन्टरले जनाएको छ। पाठेघरको अपरेशन चिरेर गर्दा बिरामीलाई धेरै दुख्ने र अस्पतालको बसाई अवधि पनि धेरै दिन हुने भएकोले त्यसको अन्त्य गर्दै अस्पतालमा दुरविरन विधिबाट अपरेसन गर्न सुरुवात गरिएको अस्पतालका प्रबन्धक प्रकाश न्यौपाने बताए।

अर्घाखाँचीको एक ४६ वर्षीय महिलाको अपरेशन ग्योष्ट्रो सर्जन डा. आसिस बिक्रम मल्लको नेतृत्वमा अपरेशन गरिएको हो। उक्त अपरेशनको टिममा डा. रन्जिता प्रधानसहित अन्य पनि रहेको अस्पतालले जनाएको छ। यो विधि सुरुभएसँगै अब अपरेशन गर्नको लागि बुटवल बाहिर जानुपर्ने बाध्यता अन्त्य भएको सिद्धबाबा अस्पतालका अध्यक्ष डा. दीपेश प्रधानले बताए।

यो विधि काठमाडौंका केही ठाउँमा भए पनि दूरबिनबाट पाठेघरको अपरेशन यस क्षेत्रमा आफूहरूले पहिलो पटक सुरुवात गरेको प्रधानले दाबी गरे। डा. मल्लका अनुसार ल्याप्रोस्कोपिक हिस्टेरेक्टोमी भनेको पेटमा साना चिराहरूमार्फत गर्भाशय र कहिलेकाही अन्य सम्बन्धित अङ्गहरू जस्तैः फेलोपियन ट्युब र अण्डाशयहरू हटाउने शल्यक्रिया हो। यो एक न्यूनतम आक्रामक दृष्टिकोण हो।

वि.सं.२०७५ सालमा स्थापना भएको बुटवलको सिद्धबाबा हस्पिटल तथा रिसर्च सेन्टर प्रा.लि. ले विशेषज्ञ सेवासहित २४ घण्टा बिरामीको उपचार गर्दै आएको छ। अस्पतालले नयाँ सेवाअन्तर्गत महिलाको पाठेघरको दूरबिनबाट अपरेसन गर्ने विधिको सेवा सुरुवात गरेको हो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com